## विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रम, कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः** राष्ट्रिय दलित आयोगको सूचीमा सूचिकृत भएका दलित, एकल महिला, अपाङ्गता, आगलागि तथा प्राकृतिक प्रकोपबाट घरबार विहिन भएका तथा मधेश प्रदेश सरकारले विभिन्न समयमा सूचिकृत गरेका / गर्ने लोपोन्मुख र अति सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्गहरुलाई आवास इकाईको व्यवस्था गर्न आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्नको लागि मधेश प्रदेश विनियोजन ऐन, २०८१ को दफा ९ (१) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेशको सरकारले देहायको कार्यविधि बनाएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "**विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रम, कार्यान्वयन कार्यविधि, २०८१** " रहेको छ।

(२) यो कार्यविधि मधेश प्रदेश सरकारबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कार्यक्रम"** भन्नाले विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) **"विपन्नसँग मदन भन्डारी विपन्न आवास"** भन्नाले अनुसूची- २ बमोजिम स्वीकृत डिजाईन अनुसारको आवास इकाई सम्झनु पर्छ।

(ग) **"आवास इकाई"** भन्नाले लाभग्राही घरधनिले पाउने घर सम्झनु पर्छ।

(घ)**"एकिकृत आवास"** भन्नाले लाभग्राही धनिहरुले पाउने आवास इकाईहरु एकै स्थानमा योजनावद्ध तरिकाले तयार पारिएको आवास सम्झनु पर्छ।

(ङ) **"लाभग्राही"** भन्नाले दफा ४ बमोजिम छनौट भएका लाभग्राही घरधनीलाई सम्झनु पर्छ।

(च) **"कार्यालय"** भन्नाले मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास कार्यालयलाई सम्झनु पर्छ।

(छ) **"निर्देशनालय"** भन्नाले पूर्वाधार विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ज) **मन्त्रालय"** भन्नाले मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय लाई सम्झनु पर्छ

(झ) **"प्रदेश"** भन्नाले संविधानको अनुसूची – ४ को क्र.स. २ को मधेश प्रदेशलाई सम्झनु पर्छ।



संजय प्रसाद साह
नि. प्रदेश सचिव

(ञ) **"जिल्ला स्तरिय छनौट तथा अनुगमन समिति"** भन्नाले दफा ४ को उपदफा (१) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

(ट) **"बैंक खाता"** भन्नाले नेपाल राष्ट्र बैंकबाट अनुमती प्राप्त वाणिज्य बैंकमा खोलिएको खातालाई सम्झनु पर्छ।

(ठ) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाँउपालिका समेतलाई सम्झनु पर्छ।

(ड) **" निर्माण समिति"** भन्नाले दफा ८ को उपदफा (१) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

(ढ) **"केन्द्रिय समन्वय तथा व्यवस्थापन समिति"** भन्नाले दफा १४ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ण) **"परिवार "** भन्नाले आवास इकाई प्राप्त गर्ने लाभग्राही, निजको पति, पत्नि, छोरा, अविवाहित छोरी धर्मपुत्र, अविवाहित धर्मपुत्री, वावु, आमा, सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष र अविवाहित महिलाको हकमा निजको बाजे, बजै तथा विवाहित महिलाको हकमा सासु, ससुरालाई समेत जनाउँछ।

## परिच्छेद - २

## लाभग्राहि छनौट तथा कार्यक्रम कार्यान्वयन स्थल

३. **लाभग्राहिको पहिचान**: लाभग्राहिको पहिचान देहायको आधारमा गरिनेछ:-

(क) कम्तिमा पाँच वर्षदेखि स्थायी रुपमा बसोबास गरिरहेका राष्ट्रिय दलित आयोगको सूचीमा सूचिकृत भएका दलित तथा मधेश प्रदेश सरकारले विभिन्न समयमा सूचिकृत गरेका/ गर्ने लोपोन्मुख र सीमान्तकृत जाति तथा समुदायका विपन्न वर्ग जसको आवास इकाई नभएको वा आवास इकाई जिर्ण भई बसोवास गर्ने अवस्थामा नरहेको।

(ख) एकल महिलाको हकमा एकल महिला भएको र अपाङ्गताको हकमा अपाङ्गता भएको व्यहोरा खुल्ने कुनै सरकारी कागजात पत्र।

(ग) आगलागी तथा प्राकृतिक प्रकोपबाट घरबार विहिन भएको हकमा सो बेहोरा खुल्ने स्थानीय तहको सिफारिस पत्र।

संजय प्रसाद साह
नि. प्रदेश सचिव

(घ) जग्गाधनी/लालपुर्जा वा जग्गाको तिरो तिर्दै आएको कागजात वा सो जग्गामा भोगचलन गर्दै आएको कुनै प्रमाण वा बिजुली उपभोग गरेको भए सो को प्रमाण पत्र ।

४. **लाभग्राही छनौटका आधार तथा विधि**: (१) लाभग्राही छनौट गर्नका लागि देहाय बमोजिम जिल्ला स्तरिय छनौट तथा अनुगमन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाको प्रदेश सभा सदस्य | संयोजक |
| (ख) | जिल्लाको सम्पूर्ण प्रदेश सभा सदस्य | सदस्य |
| (ग) | प्रमुख वा प्रतिनिधि, जिल्ला नापी कार्यालय | सदस्य |
| (घ) | प्रमुख वा प्रतिनिधि, जिल्ला भूमिसुधार तथा मालपोत कार्यालय | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (च) | प्रमुख वा प्रतिनिधि, डिभिजन वन कार्यालय | सदस्य |
| (छ) | सम्बन्धित जिल्ला वा लाभग्राहिहरु मध्ये बाट मन्त्रालयले तोकेका एक महिला र एक पुरुष गरि दुई जना | सदस्य |
| (ज) | सम्बन्धित पूर्वाधार विकास कार्यालयका प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको छनौट तथा अनुगमन समितिले दफा ३ बमोजिम पहिचान भएका लाभग्राही मध्येबाट अनुसूची- १ को आधारमा प्राथमिकता निर्धारण गरी लाभग्राही सूची तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार भएको लाभग्राही सूचि मध्येबाट स्वीकृत बजेट वा मन्त्रालयबाट निर्धारण भएको आवास इकाई कोटाको आधारमा माथिल्लो प्राथमिकताक्रम अनुसार क्रमैसंग आवास इकाई प्राप्त गर्ने वास्तविक लाभग्राहीहरुको छनौट गर्नुपर्नेछ ।

(४) अन्य कुनै कार्यक्रमबाट आवास इकाई सुविधा प्राप्त गरिसकेका लाभग्राहीले यस कार्यक्रम अन्तर्गतको आवास इकाई सुविधा प्राप्त गर्ने छैन ।

(५) संगोलमा रहेको एक परिवारले एक आवास इकाई मात्र पाउनेछ ।

५. **कार्यक्रम कार्यान्वयन स्थल**: (१) प्रदेश भित्र बसोवास गर्दै आइरहेका लाभग्राहि भएका स्थान वा बस्तीहरूमा एकल वा एकिकृत रुपमा यो कार्य्रक्रम संचालन गरिनेछ ।

(२) आवास इकाईको निर्माण साबिककै स्थान वा नजिकको जग्गा धनि पुर्जा भएको स्थानमा गरिनेछ ।

संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि.प्रमुख सचिव

(३) दफा ३ बमोजिम लाभग्राही पहिचान भई घर जगाको स्वामित्व नभएका लाभग्राहिको हकमा प्रचलित कानून बमोजिम जग्गा प्राप्ति भएमा यो कार्यक्रम संचालन गर्न वाधा पर्ने छैन।

तर प्राकृतिक प्रकोपको जोखिममा रहेको, वन सीमा क्षेत्रमा परेको वा अन्य कुनै कारणबाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन।

(४) दश वा दश भन्दा बढि लाभग्राही रहेको स्थानमा एकिकृत आवास संचालन गर्न जग्गा उपलब्ध भएमा स्थानीय तहको सिफारिस तथा सम्भाव्यताको आधारमा एकिकृत आवास इकाई संचालन गर्न सकिनेछ।

## परिच्छेद - ३

## कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

६. **विपन्नसँग मदन भन्डारी विपन्न आवासको डिजाइन:** (१) यस कार्यक्रम अन्तर्गत निर्माण हुने आवास इकाईको डिजाइन अनुसूची- २ बमोजिम हुनेछ।

(२) एकिकृत आवासको हकमा निर्देशनालयबाट स्वीकृत डिजाइन बमोजिम हुनेछ।

७. **कार्यक्रम कार्यान्वय प्रक्रिया:** (१) स्वीकृत डिजाइन तथा नाप नक्सा अनुसारको निर्माण कार्यान्वयन सम्बन्धित कार्यालयले गर्नेछ।

(२) स्वीकृत डिजाइन तथा नाप नक्साको आधारमा सम्बन्धित कार्यालयबाट लागत अनुमान तयार तथा स्वीकृत गरी कार्यालय र लाभग्राहीबीच अनुसूची-३ वा निर्माण समिति बीच अनुसूची-४ को ढाँचामा तथा निर्माण समिति र लाभग्राहिबीच अनुसूची -५ बमोजिमको ढाँचामा सम्झौता गरी निर्माण कार्य गरिनेछ।

८. **निर्माण समिति:** (१) आवास इकाई निर्माण गर्दा लाभग्राहिहरु मध्येबाट देहाय बमोजिमको निर्माण समिति रहनेछ :-

(क) कार्यालय कर्मचारीको रोहवरमा आवास लाभग्राहीहरुको समूहबाट छनौट भएको व्यक्ति — संयोजक

(ख) कार्यालय कर्मचारीको रोहवरमा आवास इकाई लाभग्राहीहरुको समूहबाट छनौट भएका कम्तिमा २ जना महिला सहित बढिमा ५ जना — सदस्य

(ग) कार्यालयबाट सो कार्यक्रम निर्माणको लागि तोकिएको कर्मचारी — सदस्य सचिव



संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि. प्रमुख सचिव

(२) दश लाभग्राही भन्दा कम संख्याको हकमा खण्ड 'ख' बमोजिमको सदस्य घटाई ५ सदस्यीय निर्माण समिति गठन गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम गठन भएको निर्माण समिति सम्बन्धित कार्यालयमा दर्ता हुनु पर्नेछ।

९. **निर्माण समितिको काम, कर्तव्य र अधिकार:** निर्माण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आवश्यक निर्माण सामाग्री प्राप्त गर्ने गराउने।

(ख) आवास निर्माण गर्ने विषयमा लाभग्राहिहरुसँग सहमति कायम गर्ने।

(ग) निर्माण कार्यको गुणस्तर कायम गर्ने गराउने।

(घ) लाभग्राहीले व्यहोर्ने लागत सहभागिता अंशको योगदान जुटाउने।

(ङ) स्वीकृत डिजाइन बमोजिम भवन निर्माण गराउने तथा दफा १२ को उपदफा (३) बमोजिमको भुक्तानी प्रक्रियाको लागि आवश्यक कागजात तयार गरी भुक्तानीको लागि सम्बन्धित कार्यालयमा पेश गर्ने।

(च) केन्द्रीय समन्वय तथा व्यवस्थापन समिति एवं जिल्लास्तरीय छनौट तथा अनुगमन समिति र कार्यालयबाट प्राप्त निर्देशन अनुरुप निर्माण कार्य गर्ने गराउने।

१०. **निर्माण सम्पन्न भएको मानिने**: सम्बन्धित प्राविधिकले सम्झौता बमोजिमको शौचालय सहितको अपाङ्गतामैत्री आवास इकाई सम्पन्न भएको निर्माण कार्य सम्पन्न प्रतिवेदन सहित प्रमाणित गरी सम्बन्धित लाभग्राहिलाई हस्तान्तरण गरेपश्चात निर्माण कार्य सम्पन्न भएको मानिनेछ।

११. **लागत सहभागिता र व्यवस्थापन**: स्वीकृत डिजाइन तथा लागत अनुमानमा प्रदेश सरकारले दफा १२ को उपदफा (१) वा (२) बमोजिम प्रति आवास इकाईको तोके बमोजिम रकमको कम्तिमा दश प्रतिशत लागत सहभागिता बापत ब्यहोर्नु पर्छ।।

**स्पस्टीकरण:** "सहभागिता" भन्नाले श्रमदान वा नगद वा निर्माण सामाग्री मध्ये जुनसुकै पनि सम्झनु पर्छ।

१२. **बजेट तथा भुक्तानी प्रक्रिया**: (१) आवास इकाई निर्माणको प्रति आवास इकाई रु. पाँच लाख साठी हजार (कन्टिन्जेन्सी सहित) को रकम नबढ्ने गरी प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।

संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि· प्रमुख सचिव

(२) एकिकृत आवास इकाईको हकमा दफा ६ को दपदफा (२) बमोजिम स्वीकृत डिजाइनको लागत अनुमानको रकमलाई प्रचलित कानून वमोजिम खर्च गर्नु पर्नेछ।

(३) स्वीकृत डिजाई बमोजिम निर्माण हुने आवास इकाईको प्रदेश सरकारले प्रति आवास इकाई तोकेको रकमलाई देहाय बमोजिमको किस्तामा सम्बन्धित कार्यालयबाट निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहिलाई भुक्तानी गरिनेछ :-

(क) प्रथम किस्ता- ३० प्रतिशत (डि.पि.सि. को काम सम्पन्न भएको प्राविधिक प्रतिवेदन प्राप्त भएपछि),

(ख) दोश्रो किस्ता- ४५ प्रतिशत (गारो तयार भएको प्राविधिक प्रतिवेदन तयार भएपछि) र

(ग) तेश्रो किस्ता- २५ प्रतिशत (छाना तथा झ्याल ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भई प्राविधिक कर्मचारीबाट निर्माण सम्पन्न प्रतिवेदन प्राप्त भए पछि)

(४) निर्माण समिति वा सोझै रकम प्राप्त गर्ने लाभग्राहीले रकम प्राप्त गर्न सम्बन्धित कार्यालयले सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम खोलेको खाताको संचालन निर्माण समितिको हकमा संयोजक/ सोझै रकम प्राप्त गर्ने लाभग्राही र सम्बन्धित कार्यालयले तोकेको कर्मचारीको संयुक्त हस्ताक्षरबाट हुनेछ।

तर आर्थिक अनियमिता गरेको देखिन आएमा कार्यालय जावफदेहि हुनु पर्नेछ।

(६) कार्यालयले संयुक्त खाता संचालनको लागि कर्मचारी तोक्दा कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुख बाहेकको कर्मचारी तोक्नु पर्नेछ।

(७) सम्झौता भएको मिति देखि छ महिना भित्रमा निर्माण कार्य सम्पन्न गर्नु/गराउनु पर्ने दायित्व सम्बन्धित कार्यालय, निर्माण समिति र लाभग्राहिको हुनेछ।

(८) लाभग्राहिको आवास इकाई निर्माण पुरा नभई प्राविधिक कर्मचारीले बदनियतपुर्वक निर्माण सम्पन्न भएको झुठ्ठा विवरण सहितको व्यहोरा उल्लेख गरी भुक्तानिको लागि सिफारिस गरेको पाईएमा निजलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(९) यस कार्यविधि अनुसारको आवास इकाई निर्माण कार्य तथा खर्च सम्बन्धी सम्पूर्ण फाँटवारी राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

**१३. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था देहाय बमोजिम हुनेछः-

संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि. प्रमुख सचिव

(क) जिल्ला स्तरीय छनौट तथा अनुगमन समितिले सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(ख) अनुगमनको कार्यविधि जिल्ला स्तरीय छनौट तथा अनुगमन समितिको संयोजकले तोके बमोजिम हुनेछ ।

(ग) जिल्ला स्तरीय छनौट तथा अनुगमन समितिले अनुगमन तथा मुल्याङ्कन पश्चात अनुगमनको सुझावसहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(घ) सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कनको कार्य आवश्यकता अनुसार मन्त्रालयले समेत गर्न सक्नेछ ।

## परिच्छेद - ४

## समिति सम्बन्धी व्यवस्था:

१४. **केन्द्रिय समन्वय तथा व्यवस्थापन समितिको गठन**: विपन्नसँग मदन भन्डारी विपन्न आवास कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय तथा व्यवस्थापन गर्नका लागि प्रदेशस्तरमा देहाय बमोजिमको केन्द्रिय समन्वय तथा व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय | अध्यक्ष |
| (ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| (ग) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (घ) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रीपरिष्दको कार्यालय | सदस्य |
| (ङ) प्रतिनिधि, गृह, संचार तथा कानून मन्त्रालय | सदस्य |
| (च) प्रतिनिधि, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (छ) प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| (छ) प्रतिनिधि, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय | सदस्य |
| (ज) महाशाखा प्रमुख , शहरी विकास तथा भवन महाशाखा, मन्त्रालय | सदस्य सचिव |

१५. **केन्द्रिय समन्वय तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि.प्रमुख सचिव

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीति तर्जुमा गर्ने ।

(ख) कार्यक्रमको प्रगति समीक्षा गर्ने तथा सम्बन्धित जिल्ला स्तरीय छनौट तथा अनुगमन समिति बीच समन्वय गर्ने ।

(ग) आगामी आ.ब. को लागि योजना तर्जुमा तथा बजेटको लागि आवश्यक पहल गर्ने ।

(घ) कार्यक्रम कार्यान्वनको क्रममा आई परेका बाधा अड्चन फुकाउन आवश्यक निर्णय गर्ने ।

(ङ) छनौट भएका बस्तीमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१५. **केन्द्रिय समन्वय तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक बस्नु भन्दा कम्तिमा एक दिन अगाडि समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिले बैठकमा आवश्यक विज्ञ र सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद ५

## विविध

१७. **निर्देशन पालना गर्नुपर्ने:** मन्त्रालयले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित कार्यालयले पालना गर्नुपर्नेछ ।

१८. **बेचविखन गर्न नपाउने:** (१) लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले दश बर्ष सम्म उक्त आवास बेचविखन वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाउने छैन ।



संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि. प्रमुख सचिव

(२) यदि कसैले उपदफा (१) विपरितको कार्य गरेमा सरकारी वाँकी सरह असुल उपर गरिनेछ।

१९. **कारबाही हुने**: यस कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ्ठा विवरण पेस गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

२०. **फरफारक हुने**: कुनै लाभग्राहीले कुनै कारणवश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको दफा १२ को उपदफा (३) बमोजिम मूल्याङ्कन गरी नियमानुसार सोको खर्च फरफारक गर्न सक्नेछ।

२१. **फेरबदल गर्न सक्ने** (१) लाभग्राहीले स्वीकृत नमूना आवास डिजाइनको क्षेत्रफलमा केही प्रतिशत कमवेसी गरी निर्माण गर्न सक्नेछ।

(२) आवास इकाईको डिजाइनको क्षेत्रफल कमवेसी गर्ने अधिकार सम्बन्धित कार्यालयलाई र एकिकृत आवास इकाईको हकमा सम्बन्धित कार्यालयको सिफारिसमा निर्देशनालयलाई हुनेछ।

तर कम क्षेत्रफलको आवास इकाई निर्माण गरेको भएमा सोही अनुपातमा दफा १२ को उपदफा (१) वा (२) बमोजिमको रकममा खर्च घटाई उपलब्ध गराईनेछ।

२२. **असुल उपर गरिने**: आवास इकाई निर्माण गर्ने रकम लिएपछि घर नबनाएमा उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२३. **समय सीमा:** आवास इकाई निर्माण गर्ने समय सीमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

२४. **बिबादको समाधान:** कुनै विवाद उत्पन्न भएमा निर्माण समितिले, निर्माण समितिबाट पनि समाधान नभएमा कार्यालयले, कार्यलयबाट पनि समाधान गर्न नसकेमा जिल्ला स्तरीय छनौट तथा अनुगमन समितिले र जिल्ला स्तरीय छनौट तथा अनुगमन समितिले पनि समाधान गर्न नसकेमा मन्त्रालयबाट दिइने निर्णय अन्तिम हुनेछ।

२५. **प्रचलित कानून बमोजिम हुने**: यस कार्यविधिमा लेखिएको हदसम्म यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२६. **संशोधन सम्बन्धि व्यवस्था**: यो कार्यविधिलाई प्रदेश सरकारले समय अनुकूल परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि.प्रमुख सचिव

## अनुसूची - १

### (दफा ४ को उपदफा (२) संग सम्वन्धित)

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय,............

**लाभग्राही छनौटका आधार तथा प्राथमिताका मापदण्डः-**

| क्र.सं. | अङ्क दिईने विवरण | दिईने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति परिवार वर्ग फिटमा | १५० सम्म - १०<br>१५१ देखि २०० सम्म -५<br>२०० भन्दा वढी – ० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रति परिवार वर्ग फिटमा | ५०० सम्म -१०<br>५०१ देखि १००० सम्म-५<br>१००० भन्दा वढी - ० | |
| ३ | घरभित्रको भुई | माटो - १०<br>ईंटा, ढुङ्गा आदि - ५<br>सिमेन्ट – ० | पचाँस प्रतिशत वा सो भन्दा बढि भएकालाई मानी अङ्क दिने। |
| ४ | घरको गारो | बाँस, चिरपट, कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी -१०<br>नमिलेको दुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईंटामा माटोको जोर्नी - ५<br>मिलेको दुङ्गाको गारो तथा पाकेका ईंटामा माटो/सिमेन्टको जोर्नी –० | पचाँस प्रतिशत वा सो भन्दा बढि भएकालाई मानी अङ्क दिने। |
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि -१०<br>खपडा, टायल, टिन - ५ | आसवेटस छाना स्वास्थ्यको लागि हानीकारक छ। |

संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि प्रमुख सचिव

| | | | |
|---|---|---|---|
| | | ढलान, कलर CGI सिट - ० | |
| ६ | दश वा दशभन्दा बढी लाभग्राही रहेको स्थानमा सम्बन्धित स्थानीय तहले जग्गासहित एकीकृत आवास निर्माणको लागि सिफारिस गरेको भएमा। | भएको - २०<br>नभएको – ० | तर डोम, मुसहर, हलखोर, ढाँगर, मेस्तर, सीमान्तकृत तथा लोपोन्मुख जातीको घर जति संख्यामा भए पनि -१० |
| ७ | जग्गाको स्वामित्व | जग्गाको स्वामित्व भएमा- १०<br>नभएमा- ० | भूमिहिन लाभग्राहिको हकमा स्थानीय तह वा अन्य निकायबाट जग्गा उपलब्ध गराएमा – १० |
| ८ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको -१०<br>अन्यत्र जग्गा भएको –० | |
| ९ | घरमूलीको हकमा | एकल महिला, आर्थिक विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिकाभएका - १०<br>अन्य - ० | घर विहिन, भुमि विहिन को हकमा पनि लागु हुने छ। |

(क) कार्यालय र निर्माण समिति वा लाभग्राहीबीच सम्झौता गरी तोकिएको म्याद भित्रै आवास निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ।

(ख) प्राकृतिक रुपमा जोखिम रहेका, वन क्षेत्रमा परेका, र विवादित स्थानमा यो कार्यक्रम लागु हुने छैन।

(ग) आवास इकाई विहिन भएको लाभग्राहिको हकमा अनुसूची- १ को क्र.सं. १,२, ३,४ र ५ अनुरुपको कूल अङ्क प्रदान गरिने छ।

संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि. प्रमुख सचिव

अनुसूची –२

(दफा ६ उपदफा (१) संग सम्बन्धित)


मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

पूर्वाधार विकास कार्यालय,............

<u>आवास इकाईको डिजाईनः</u>




संजय प्रसाद साह
नि. प्रदेश सचिव

अनुसूची -३

(दफा ७ को उपदफा (२) संग सम्वन्धित)

मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास कार्यालय,............

**पूर्वाधार विकास कार्यालय र लाभग्राहीबीच गरिने सम्झौता पत्रः-**

१. सम्झौता गर्ने प्रथम पक्षः ..........................................र दोस्रो पक्ष (लाभग्राही)..................................,

२. कार्यक्रम स्थलः जिल्ला :...... गा.पा./न.पा.........................वडा नं.......गाउँ/ टोल......................,

३. उद्देश्य:प्रदेश बासीलाई "सबैको बास सबैलाई आवास" मुल नारा साथ कार्यक्रम संचालन हुनेछ ।

४. सम्झौतापत्रको म्याद अवधिः मिति :२०...../...../......गते देखि मिति :२०...../....../..... गतेसम्म रहनेछ ।

५. आवास निर्माणको अधिकतम सिमा..........नेपाली रुपैया साथै लाभग्राही सहभागिता बापत अंश समेत रहेकोछ ।

६. कार्यक्रमको लागतः–

(क) कार्यक्रमले व्यहोर्ने रकम......................... (ख) लाभग्राहीले व्यहोर्ने रकम...................... (ग) कन्टिन्जेन्सी रकम

७. खर्च व्यहोर्ने श्रोत :देहाय बमोजिम रहेकोछ ।

(क) कार्यक्रमबाट व्यहोरिने:नगद रु......(कन्टिन्जेन्सी बाहेक) र निर्माण सामाग्री:..... गरी जम्मा रु....।

(ख) लाभग्राहीले व्यहोरिने रकमः नगद.रु...निर्माण सामाग्री वापत रु....श्रम वापत रु....गरी जम्मा रु....।

(ग) एकल महिला, आर्थिक विपन्नले श्रम वा श्रम बराबर रकम व्यहोर्नुपर्ने छैन ।

८. सम्झौताका शर्तहरुः-

(क) आवास निर्माण गर्दा नाप नक्सा, स्विकृत लागत अनुमान सहित गुणस्तरयुक्तकार्य कार्यालयले गर्नु पर्नेछ,

(ख) कार्यालयले कार्य प्रगतिको आधारमा लाभग्राहीलाई भुक्तानी दिने क्षेत्रमा मात्र खर्च गर्नु पर्नेछ,

(ग) लाभग्राहिले भएको काम मूल्यांकन गरी विल, भर्पाई र खर्च गर्ने अन्य कागजातहरु प्रमाणित सहित भुक्तानीको लागि कार्यालयमा पेस गर्नु पर्नेछ ।

(घ) कार्यालयले आवास निर्माण वापत भएको प्रत्येक किस्तामा भएका खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(ङ) कार्यालय र लाभग्राहीबीच भएको सम्झौता बमोजिम आवास निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ ।

(च) आवास निर्माण क्षेत्रमा रहेका संरचनाहरू भत्काउन सहमत छु, साथै त्यसमा लाग्ने खर्च व्यहोने छु ।

**९. सम्झौताका पक्षहरु**

**कार्यालयको तर्फबाटः-**

नामः

पदः

दस्तखतः

छाप

**साक्षी:**

क).....................

**लाभग्राहीको तर्फबाटः-**

लाभग्राहिको नामः

ठेगानाः

दस्तखतः

**साक्षी:**

क)..............

इति सम्बत् ............ साल........ महिना..... गते.... रोज ...... शुभ्म.................................................................।



संजय प्रसाद साह
नि. प्रदेश सचिव

नि. प्रमुख सचिव

अनुसूची –४

(दफा ७ को उपदफा (२) संग सम्बन्धित)

मधेश प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशनालय

पूर्वाधार विकास कार्यालय,............

मधेश प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय जनकपुरधाम, नेपाल

नि. प्रमुख सचिव

**पूर्वाधार विकास कार्यालय तथा निर्माण समितिबीच गरिने सम्झौतापत्रः-**

१. सम्झौता गर्ने पक्षहरुःकार्यालयको तर्फ बाट श्री....................

..................निर्माण समिति ।

२. कार्यक्रमको नामः विपन्नसँग मदन भण्डारी विपन्न आवास कार्यक्रम अन्तर्गत आवास इकाई निर्माण गर्ने ।

३. कार्यक्रम स्थलः जिल्ला............................ गा.पा./नगरपालिकाः................................वडा नं......टोल/गाँउ...........................

४. निर्माण गरिने कुल आवास इकाई

५. कार्यक्रमको लागतः (क) कार्यक्रमले व्यहोर्ने रकम.........................(ख) लाभग्राहीले व्यहोर्ने रकम....................... (ग) कन्टिजेन्सी रकम...............................

कार्यक्रमको प्रस्तावित कार्यान्वयन अवधिः

.(क) शुरु हुने मितिः२०..................(ख) पुरा हुने मिति २०................

६. खर्च व्यहोर्ने श्रोतः

(क) कार्यक्रमबाट व्यहोरिनेः

(१) नगद रुपैयाः.............................. (कन्टिजेन्सी बाहेक)

(२) निर्माण सामाग्रीः—

(ख) लाभग्राहीबाट व्यहोरिने रकमः

(१) नगद रु................................

(२) निर्माण सामाग्री (मूल्यमा)...................

(३) श्रम (मूल्यमा)................................

(४) कुलः............................

७. निर्माण समितिको नाम, ठेगाना............................................

निर्माण समितिको दर्ता नं. कार्यालयः–.......................................

८.निर्माण समितिका पदाधिकारीहरुः

(क) संयोजक श्री

(ख) सदस्य श्री

(ग) सदस्य श्री

(घ) सदस्य श्री

(ङ) सदस्य श्री

(च) सदस्य श्री

संजय प्रसाद साह

नि. प्रदेश सचिव

(छ) सदस्य श्री

९. सम्झौताका शर्तहरुः

(क) निर्माण कार्य गराँउदा नाप नक्सा तथा स्विकृत लागत अनुमानको गुणस्तर अनुसार निर्माण समितिले गराउनेछ ।

(ख) निर्माण समितिले कार्यालयबाट प्राप्त रकम कार्य प्रगतिको आधारमा लाभग्राहिलाई भुक्तानी दिने प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ ।

(ग) निर्माण समितिले हरेक किस्ताको कामको मूल्याङ्कन, विल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई कार्यालय मार्फत पूर्वाधार विकास कार्यालयमा भुक्तानीको लागि पेस गर्नु पर्नेछ ।

(घ) निर्माण समितिले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी भवन कार्यालयमा समेत पेस गर्नु पर्नेछ ।

(ङ) निर्माण समिति गठन हुन नसकेको अवस्थामा भवन कार्यालय र लाभग्राही बीच सम्झौता भई निर्माण कार्य सम्पन्न गरिनेछ ।

१०. भुक्तानीको ढाँचाः

(क) निर्माण समिति- सम्बन्धितको नाममा रहेको खातामा रकम तीन किस्तामा उपलब्ध गराइनेछ । आवास निर्माण सम्पन्न नभए सम्म खाता सञ्चालन निर्माण समितिको संयोजक /सम्बन्धित पूर्वाधार विकास कार्यालयले तोकेको कर्मचारीले गर्नेछ ।

(ख) प्रथम किस्ता- ३० प्रतिशत (डि.पि.सि. को काम सम्पन्न भएको प्राविधिक प्रतिवेदन प्राप्त भएपछि),

(ग) दोश्रो किस्ता- ४५ प्रतिशत (गारो तयार भएको प्राविधिक प्रतिवेदन तयार भएपछि) र

(घ) श्रो किस्ता- २५ प्रतिशत (छाना तथा झ्याल ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भई प्राविधिक कर्मचारीबाट निर्माण सम्पन्न प्रतिवेदन प्राप्त भए पछि)

(ङ) भुक्तानी दिँदा उपलब्ध गराईएका निर्माण सामाग्रीको रकम कट्टा गरी बाँकी रकम मात्र दिईनेछ ।

**११. सम्झौताका पक्षहरुः**

| **निर्माण समितिको तर्फबाटः** | **कार्यालयको तर्फबाटः** |
|---|---|
| संयोजकः | कार्यक्रम प्रतिनिधीको नामः |
| ठेगानाः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| **साक्षीः** | **साक्षीः** |
| (१) श्री.................................... | (१).................................... |

इति सम्बत् ............ साल........ महिना..... गते.... रोज ...... शुभम्............................................................... ।

संजय प्रसाद साह
नि. प्रदेश सचिव

अनुसूची –५

(दफा ७ उपदफा (२) संग सम्बन्धित)
मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय,...........

नि. प्रमुख सचिव

**निर्माण समिति र लाभग्राही बीच गरिने सम्झौता पत्रः-**

१. सम्झौता गर्ने पक्षहरुः.........................................निर्माण समिति .............................. लाभग्राही।
२. कार्यक्रम स्थलः- जिल्ला......................गाँउपालिका नगरपालिका..............................वडा नं.............
३. उद्देश्यः- आवास निर्माण।
४. कुल लागतः–.........................................................(लाभग्राहीको सहभागिता वापतको अंश समेत)
५. प्रस्तावित निर्माण कार्य सम्पन्न हुने अवधिः
क) शुरु हुने मितिः२०....................
ख) पुरा हुने मितिः२०....................सम्म
६. खर्च व्यहोर्ने श्रोतः–
क) निर्माण समितिले कार्यालयसँग गरेको सम्झौता बमोजिम हुनेछ।
७. सम्झौताकाशर्तहरुः
क) स्वीकृत नाप नक्शा अनुसारको आवास निर्माण गर्नु पर्नेछ।
ख) निर्माण स्थल क्षेत्रमा रहेका संरचनाहरु भत्काउन र साथै सो बापत लाग्ने खर्च समेत व्यहोर्न लाभग्राही मंजुर छ।

**सम्झौताका पक्षहरुः**

**निर्माण समितिको तर्फबाटः**
संयोजकः.......................................
ठेगानाः.......................................
दस्तखतः.......................................
मितिः.......................................
**साक्षीः.......................................**
(१) श्री पूर्वाधार विकास कार्यालयको प्रतिनिधी

**लाभग्राहीको तर्फबाट**
लाभग्राहीको नामः.......................................
ठेगानाः.......................................
दस्तखतः.......................................
मितिः.......................................
**साक्षीः.......................................**
(१) श्री.........................

इति सम्बत् ............ साल....... महिना..... गते.... रोज ...... शुभ्म........................................................।



संजय प्रसाद साह
नि. प्रदेश सचिव